'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान' www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ३७ मंगलवार १५ असोज, २०८१ 01 (Tuesday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### कोहलपुर उद्योग वाणिज्य संघको चुनाबी रौनक

## लोकतान्त्रिक समावेशी व्यवसायी समूहको उम्मेद्वारी घोषणा

नमस्ते समचारदाता

कोहलपुर, असोज/१४



आगामी कार्तिक ३ गते सम्पन्न हुन गैरहेको कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचनका लागि दुई ठूला राजनीतिक दलहरुले आ-आफ्नो राजनीतिक आस्थाका व्यवसायीहरुको नेतृत्वमा उम्मेद्वारहरुको समूह घोषणा गरेका छन् ।

तीन दिन अघि मात्र नेकपा एमाले निकटका व्यवसायीहरुको नेतृत्वमा प्रगतिशील व्यवसायी समूहको घोषणा गरेका थिए भने सोमबार नेपाली काँग्रेस निकट व्यवसायीहरुको नेतृत्वमा लोकतान्त्रिक समावेशी व्यवसायी समूहको घोषणा गरिएको छ । कोहलपुरका युवा व्यवसायी प्रदीप कुमार भट्टराईको नेतृत्वमा सोमबार लोकतान्त्रिक समावेशी व्यवसायी समूहको घोषणा गरिएको हो । युवा व्यवसायी प्रदीप भट्टराई कोहलपुर उद्योग बाणिज्य संघको लागि नयाँ नाम होइन । उनी बाणिज्य संघमा कार्यसमिति सदस्य, उपाध्यक्ष, वरिष्ठ उपाध्यक्ष हुँदै आगामी कार्तिक ३ गते सम्पन्न हुन गैरहेको निर्वाचनमा अध्यक्षको उम्मेद्वारी दिएका हुन । भट्टराईमा कोहलपुरको उद्योग बाणिज्य संघ चलाउन आवश्यक पर्ने अनुभव, ज्ञान, सीप, कला, प्रक्रिया र पद्धती सबैको जानकारी छ । उनी केवल युवा व्यवसायी मात्र होइनन्, यस क्षेत्रकै एक युवा कवि र साहित्यकार समेत हुन । त्यसैले पनि उनी सँग आफ्नो पदीय उत्तरदायित्व तथा जिम्मेवारीको राम्रो ज्ञान पनि छ। सोमबार उनको नेतृत्वमा लोकतान्त्रिक समावेशी व्यवसायी समूहको उम्मेद्वारी घोषणा कोहलपुर साझा चोक नजिकै रहेको कोहपुर पार्टी प्यालेसमा सम्पन्न गरिएको हो । सो उम्मेद्वारी घोषणा कार्यक्रममा अध्यक्ष पदका युवा उम्मेद्धवार भट्टराईले भने, ' म सँग कोहलपुर उद्योग बाणिज्य संघमा तीन कार्यकाल काम गरेकोले प्रसस्त अनुभव छ । निजी क्षेत्रका सबै प्रकृतिका व्यवसायीहरुको छाता संगठन उद्योग बाणिज्य संघ भएको र यसको नेतृत्वले सबै किसिमका व्यवसायीहरुको हक, अधिकार र व्यवसायीक नैतिकतामा रहेर आफ्ना व्यवसाय सञ्चालन गर्दा विभिन्न पक्षहरुबाट आइपर्ने समस्याहरुको समाधान गर्न सक्छु भन्ने आँट र क्षमता आफू सँग रहेको सबै साथीहरुलाई विश्वास दिलाउन चाहन्छु।' *बाँकी ४ पेजमा...*

## सहिद बैजनाथ थारूको सम्झनामा गेट बनाइदैं



नमस्ते समचारदाता

बाँके, असोज/१४

बाँके जिल्लाको बैजनाथ गाउँपालिकाले सहिद बैजनाथ थारूको सम्झनामा गेट निर्माण गर्ने भएको छ । गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ मा बजेट छुट्याएर गेट बनाउने भएको हो । बैजनाथ गाउँपालिकाको नामाकरण नै थारूको नामबाट गरिएको छ । उनको किसान आन्दोलनको क्रममा मृत्यु भएको थियो । बैजनाथ गाउँपालिका कार्यालय रामपुर-५ जाने मुल सडक गडरहीस्थित एक नम्बर चोकमा मुलगेट निर्माण गरिनेछ । उक्त गेट निमर्माण कार्यको गाउँपालिका अध्यक्ष प्रकाश बहादुर शाहीले शिलान्यास गरेका छन् । शिलान्यास भएसँगै निर्माण पक्षले काम अगाडी बढाएको उनले बताए । गाउँपालिकाले चालु आर्थिक वर्षका लागि उक्त शिर्षकमा १० लाख ७६ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । गाउँपालिका अध्यक्ष शाहीले स्वर्गिय शहिद बैजनाथको सम्झनामा उक्त गेट निर्माण गर्न लागिएको बताए । देशमा प्रजातन्त्र र लोकतन्त्र ल्याउनमा तत्कालीन निरंकुशता विरुद्ध लडेका सहिदको सम्मान गर्नु स्थानीय सरकारको दायित्व र कर्तब्य भएको उनले बताए । 'शहिद बैजनाथ थारुको सम्झनामा हामीले गाउँपालिकातिर जाने बाटोमा मुलगेट निर्माण गर्न लागेका हौं, यसको शिलान्यास कार्य सम्पन्न भइसकेको छ, अब निर्माणको काम पनि अगाडी बढ्नेछ,' अध्यक्ष शाहीले भने ।

## हुम्लामा चौथो दिनदेखि अवरुद्ध हवाई सेवा सुचारु



नमस्ते समचारदाता

हुम्ला, असोज/१४

हुम्लामा अवरुद्ध भएको चौथो दिनमा हवाई सेवा सुचारु भएको छ । सोमबार बिहानैबाट मौसम सफा भएपछि नेपालगञ्ज र सुर्खेतबाट हुम्लाका लागि हवाई उडान भएको नागरिक उययन प्राधिकरण सिमकोटका प्रमुख महेन्द्र बहादुर सिंहले बताए । सेवा सुचारु भए पनि नेपाल एयरलाइन्सले नेपालगंज र सुर्खेतबाट एक-एक सेड्युअल उडान भरेको थियो भने समिट एयरले पनि नेपालगञ्जबाट एक उडान भरेको थियो । यसबाट ४६ जना यात्रुहरु जिल्ला भित्रिन पाएका छन् भने त्यति नै यात्रु जिल्लाबाट बाहिरिएका छन् । यतिबेला जिल्ला भित्रिने र बाहिरिने यात्रुहरुको चाप धेरै भए पनि उडान भने कम छ । कर्णालीका अन्य हिमाली जिल्लाहरुमा सडक यातायातसमेत जोडिसकेको अवस्थामा हुम्ला जिल्लाका तीन वटा गाउँपालिका भने अझै हवाई यातायातकै भर पर्नुपर्ने बाध्यता रहेको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## सरकारी उदासिनताको जतासुकै बिरोधै बिरोध

हुन त नेपालमा सरकारको कुनै पनि कामको सरकारकै पक्षकाले बाहेक अरु सबैले सधै बिरोध मात्र गर्ने प्रवृत्ति नै छ। अनि सरकारले पनि जनताले प्रशंसा गर्ने खालका खासै काम  गर्दैनन् नेपालमा। सरकारमा जानेहरु आफु सधै सत्ता र शक्तिको लागि मात्र यो स्थानमा आएको हुँ भन्ने मनोदशा बाट ग्रसित हुन्छन्, जसका कारणले उनीले सत्तामा गएको बेला आफ्नालाई मात्र देख्ने र सत्ताबाट बाहिर पुगेपछि जनता र जनताको समस्या देख्ने बानी परेका हुन्छन् । नेपालको संघिय संसदीय राजनीतिमा २०७९ को निर्वाचन बाट नेपाली काँग्रेस पहिलो ठूलो दल र नेकपा एमाले दोश्रो ठूलो दल बने । अहिले नेपालको संघिय सरकार यिनै दुई ठूला दलहरु मिलेर बनेको छ। यी दुई दलले नेपालमा झण्डै दुई तिहाई जनताको प्रतिनिधित्व समेत गर्दछन् । तर हाल यिनीहरुले नै चलाएको सरकारको बिरोध चाही जतासुकै भैरहेको छ । यति बेला सरकारको मुख्य बिरोधको विषय बनेको छ भरखरै नेपालका अधिकांश भागमा आएको भिषण पानी र त्यसले निम्त्याएको बाढी, पहिरो डुबान तथा कटान र यसबाट भएको जनताको जिउधनको नोक्सान । यतिखेरको वर्षातको विपत्मा संघीय सरकार र यसका संयन्त्रहरुको निकम्बापनले गर्दा धेरैले ज्यान गुमाएका छन् । सरकारको यही निकम्बापनको बिरोध जनताले गरेका छन् । यो बिरोध स्वभाविकै छ । किनभने जनतालाई विपत् परेको बेलामा पनि सरकारको उपस्थिति जनताले देख्ने र सहयोग पाउने गरी नभए पछि हुने नै भयो । हिजोआज त्यही भैरहेको छ । जिम्मेवार सरकारले जनताले आफ्नो बिरोध गरे भनेर जनतालाई जथाभावी बोलिरहेको आरोप लगाउने भन्दा पनि सरकारले आफुले गरेका कमजोरीहरुको समीक्षा गरेर जनताले उठाएका आवाजबाट नयाँ शिक्षा लिने र आफूलाई सच्याएर जनताको सेवामा समर्पित हुने गरी अगाडि बढ्न सक्नु पर्दछ । यतिखेर सरकारमा बसेकाहरुको त्यस तर्फ सत्वुद्धि फिरेको देखिदैन। छिटै सत्वुद्धि आयोस्।

# मर्यादित वैदेशिक रोजगारी

**तारा वाग्ले**




चाडपर्वहरूको पूर्वसन्ध्यामा विदेशबाट आफ्नो देश आउनेको मात्र होइन, वैदेशिक रोजगारी र अध्ययनका क्रममा विदेश जानेहरूको पनि लर्को देखिन्छ । गरिबी र बेरोजगारीकै कारण चाडपर्वको मुखमा देश छोडेर बिदेसिनेहरूको संख्या बढेको हो । वैदेशिक रोजगार विभागका अनुसार, चालु आर्थिक वर्ष साउन र भदौमा कुल एक लाख १७ हजार ६८ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन् । अघिल्लो आव २०८०/८१ को सोही अवधिमा एक लाख छ हजार ४५९ जनाले विभागबाट श्रम स्वीकृति लिएका थिए । त्यस्तै आव २०७९/८० मा सात लाख ७१ हजारभन्दा बढी युवा वैदेशिक रोजगारीमा गएका थिए । सरकारले विश्वको १११ वटा देशका लागि श्रम स्वीकृति खुला गरे पनि रोजगारीको क्रममा नेपालीहरू १४४ वटा देशमा गएको तथ्याङ्क छ । गत महिनामा मात्र ९० देशमा नेपालीहरू श्रम स्वीकृति लिएर गएका थिए । आव २०७९/८० मा सात लाख ७१ हजार ३२७ जना नेपालीले १४४ देशमा रोजगारीका लागि जान वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएका थिए । सरकारले वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशमा जान सकिने व्यवस्था गरेको छ । नेपालको पछिल्लो जनगणनाले करिब २२ लाख नेपाली विदेशमा रहेको देखाएको छ । यसरी नेपालीहरू बिदेसिनु मुलुकको हितमा भने छैन । नेपालीहरू बिदेसिने प्रवृत्तिलाई 'पुल फ्याक्टर' र 'पुस फ्याक्टर' दुई किसिमले हेर्ने गरिन्छ । नेपालमा भन्दा राम्रो सुविधा विदेशमा पाउँछु भन्ने सोच अर्थात 'पुल फ्याक्टर' ले व्यक्तिलाई विदेशको मोहले तान्छ । यस्तै नेपालमा रोजगारी छैन, भविष्य छैन, जानैपर्ने बाध्यता छ भने 'पुस फ्याक्टर' ले व्यक्तिलाई विदेशतिर धकेल्छ । अमेरिका, क्यानडा, बेलायत जस्ता मुलुकमा जाने 'पुल फ्याक्टर' हो भने भारत र खाडी मुलुक जाने कारण 'पुस फ्याक्टर' हो । अहिले मलेसिया, साउदी अरेबिया, कतार, युएई, कुवेत, ओमान, बहराइन, दक्षिण कोरिया नेपालीका प्रमुख श्रम गन्तव्य बनेका छन् । युरोपको विकसित देशमा छिर्ने बाटो खोजिरहेका युवा क्रोएसिया, पोल्यान्ड, रोमानिया जस्ता देशमा जान थालेका छन् । यसले नेपालीको श्रम गन्तव्य फेरिन सक्ने भए पनि बिदेसिनै पर्ने नियति भने उस्तै छ । यही नियति तथा बाध्यताको कारण धेरै युवा खाडी मुलुतर्फ धकेलिँदै गएका छन् । त्यहाँ कार्यरत रहँदा पनि उनीहरूले स्थानीय भाषा र कानुनी ज्ञानको कमी तथा सूचना अभावलगायत विविध कारणले जेल जीवन बिताउनु परेको तथा काम गर्ने क्रममा गम्भीर दुर्घटनामा परी अङ्गभङ्ग हुने जस्ता समस्या झेल्नु परेको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र पहुँचयोग्य बनाउने उद्देश्यले व्यक्तिगत र पुनः श्रम स्वीकृतिसम्बन्धी सेवा सहजीकरण ७५३ स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत हुने व्यवस्था गरिएको छ । यस्तो व्यवस्था भए पनि विदेश जाने बेलामा सरकारले तोकेभन्दा बढी रकम तिरेर जाने बाध्यतामा श्रमिकहरू छन । अहिले पनि धेरैभन्दा धेरै अदक्ष र अर्धदक्ष नेपाली कामदर विदेश गइरहेका छन् । सिपयुक्त जनशक्तिको तुलनामा उनीहरूको आय कम छ तर तिनै कम आय भएकाहरूले पठाएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्र धानेको छ । पछिल्लो एक वर्षमा मासिक एक खर्बभन्दा बढी रेमिटेन्स भित्रिरहेको छ । सरकारका विकासका प्राथमिकतामा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने तथा विभिन्न देशमा कार्यरत श्रमिकहरूको सेवाका सर्त र सुविधाहरू नेपाली श्रमिकको हित अनुकूल हुने गरी नवीकरण तथा परिमार्जन गर्न विशेष पहल गर्ने उल्लेख छ । साथै वैदेशिक रोजगारमा गएकाहरूको समस्या सुनुवाइका लागि हटलाइन सेवासहितको सहयोग सेल गठन गर्ने र उनीहरूको उद्धारलगायत आवश्यक अन्य सहयोगका लागि वैदेशिक रोजगार कल्याणकारी कोष सञ्चालन नियमावलीमा समयानुकूल सुधार गर्ने बताइएको छ। विभिन्न देशस्थित नेपाली राजदूतावासले श्रमिक हित र श्रम कूटनीतिलाई आर्थिक कूटनीतिको एउटा प्रमुख प्राथमिकताको रूपमा लिएका छन् । संविधानको श्रमसम्बन्धी व्यवस्था, श्रम ऐन, ट्रेड युनियन ऐन तथा सामाजिक सुरक्षा ऐन र सम्बन्धित नियमावली जस्ता कानुनी व्यवस्थाका आधारमा श्रमिक र रोजगारदाताको बिचमा समन्वय गरिरहेका छन् । वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूको ज्ञान सिप र प्रविधि नेपालको व्यावसायिक तथा आर्थिक विकासमा योगदान हुने गरी पुनर्एकीकरण कार्यक्रम गरिनेतर्फ प्रयास भएका छन् । वैदेशिक रोजगारीमा जानेहरूले पनि नवीन प्रविधिमा जानकार भएर सो अनुरूप आफ्नो क्षमता विकास गर्न तथा आफ्नो दक्षता वृद्धि गर्नु पर्छ । अनि मात्र सिपयुक्त र उच्च तहको रोजगारी पाइन्छ । वैदेशिक रोजगारीमा गएकाहरूको ट्रेड युनियन अधिकार अपरिहार्य छ । किनभने आफ्नो अधिकार माग्ने, सामूहिक सौदाबाजी गर्ने, जबर्जस्ती काम नगर्ने, महिला र पुरुष विभेदको विरोध गर्ने श्रमिकको न्यूनतम अधिकार हो । वैदेशिक रोजगारीमा जानैपर्ने बाध्यताको अन्य गर्दै स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्नेतर्फ गम्भीर हुनु आवश्यक देखिएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन दक्षता तथा तालिमसहितको जनशक्ति विकासमा जोड दिन पर्छ । हरेक नेपालीले विदेशी भूमिमा आफ्नो मर्यादित र सम्मानित रोजगारीका लागि सक्रियता बढाउनु पर्छ । विदेशमा रहेर मर्यादित रोजगारी पाउनु हरेक नेपालीको हक हो तर ज्ञान तथा सिपको कमीका कारण सबैले समान रूपमा मर्यादित रोजागारी पाउन नसकेको अवस्था छ । गरिबी र बेरोजगारीको कारण न्यून तलबमा निम्न स्तरको काममा पनि नेपालीहरू बिदेसिन बाध्य छन् । यस्तो अवस्था सधैँ रहन दिनु हुँदैन । वैदेशिक रोजगारीको क्रममा विभिन्न देशमा कार्यरत हरेका नेपालीलाई उनीहरूको ट्रेड युनियन अधिकारको रक्षा गर्दै समान व्यवहार गर्नेतर्फ सम्बन्धित देशमा गठन भएका नेपाली सङ्घसंस्थाले पनि ध्यान दिनु पर्छ । सम्मानित रोजागारी प्राप्त गर्न हरेक कामदारले कर्तव्यनिष्ठ भएर काम गरी रोजगारदाताको मन जित्न पनि सक्नु पर्छ । बिदेसिएका युवालाई नेपाल झिकाई देशमै बस्ने वातावरणसहित राष्ट्रिय अर्थतन्त्रलाई दह्रो र सबल बनाउनु आजको मुख्य चुनौती र जिम्मेवारी हो । यस जिम्मेवारी पूरा गर्न स्वदेशको श्रमलाई सम्मान गर्ने संस्कृति, विपन्नलाई आय र निमुखालाई न्याय दिने प्रणालीलाई सबल र प्रभावकारी बनाउनु पर्छ । सामाजिक न्यायमा आधारित समतामूलक समाजको परिकल्पना साकार बनाउन तथा विभिन्न देशमा कार्यरत श्रमिकहरूको सेवाका सर्त र सुविधाहरू नेपाली श्रमिकको हित अनुकूल हुने गरी नवीकरण तथा परिमार्जन गर्न विशेष पहल गर्नु पर्छ । अनौपचारिक रूपमा वैदेशिक रोजगारीमा गएका या सम्बन्धित मुलुकको कानुनसँग मेल नखाने गरी बसिरहेकालाई वैधानिक रूपमा बस्न सकिने वातावतरण तयार गर्न प्रयास गर्नु पर्छ। नेपालको विकासमा वैदेशिक रोजगारीमा गएकाहरूको ठुलो योगदान छ। धेरै नेपाली अहिले पनि खाडी मुलुकमा निकै कम तलबमा s fd ug{afW 5g\. *-गोरखापत्र*


**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि  काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

**गाउँपालिका द्धारा जारी सन्देश**

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

ताँजाकोट गाउँपालिका
हुम्ला


**गाउँपालिका द्धारा जारी सन्देश**

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सर्केगाड गाउँपालिका
हुम्ला

# आगामी हुन गइरहेको कोहलपुर उद्योग वाणिज्य संघको निर्वाचनका लागि लोकतान्त्रिक समावेशी व्यवसायी समुहको उम्मेदवारी घोषणा सभाका केही फोटोफिचर

















जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

# पहिरोका कारण ताल्चा विमानस्थल र रारा ताल पनि जोखिममा



■ नमस्ते समचारदाता
मुगु, असोज/१४

मुगुको छायाँनाथ रारा नगरपालिका-४ मा रहेको ताल्चा (रारा) विमानस्थल सहितको बस्ती जोखिममा परेको छ। विमानस्थल कालोपत्रे गर्दा नहर बनाएर बुका खोला, लेत्या खोला, बुद्या खोलामा मिसाइएकोले विमान स्थल मुनिका बस्ती र स्वंयम् विमानस्थल पहिरोको जोखिममा परेको हो । वि.सं. २०३८ सालबाट निर्माण कार्य सुरु भएर २०६० सालबाट सञ्चालनमा आएको विमानस्थलको ठिक ढंगले वातावरणीय मूल्याङ्कन नहुँदा अहिले बस्ती नै पहिरोको जोखिममा परेको छ । 'विमानस्थल निर्माणले दुर्गमका बासिन्दाका लागि जति सहयोगी बनेको छ त्योभन्दा कयौं गुणा खतरा पनि बनेको छ।' स्थानीय नगरबहादुर भाम बताउँछन् । पहिला सबैले विमानस्थलको मात्रै नारा लगाएको अहिले त्यसले पार्ने प्रभावका विषयमा कसैले जानकारी नराख्दा समस्या आएको छायाँनाथ रारा नगरपालिका-४ का वडाध्यक्ष लक्ष्मीप्रसाद भामले बताए । उनले भने, 'वातावरणीय मूल्याङ्कन त्यो 'काँ' (कहाँ) भयो होला थाहा भएन । अहिले निकै जोखिममा रहेको छ ।' मुगुको एक मात्र हवाई यातायातको माध्यम रारा विमानस्थलले सेवा सुविधासँगै विपत्ति पनि निम्त्याएकाले समाधानका लागि सबै सरोकारवालाले ध्यान दिनुपर्ने वडाध्यक्ष भामको आग्रह छ । 'पहिला कालोपत्रे नहुँदा पानी परेको बेला जमिन नै भिज्ने गरेको थियो,' उनले भने, 'अहिले कालोपत्रे भएका कारण विमानस्थलबाट मानवीय तथा प्राकृतिक विपत्ति निम्तने खतरा छ । अहिले पनि विमानस्थलको उत्तरतिर जमिन भासिएको छ, मुनि पहिरो जादैँ गर्ने हो भने विमानस्थल पनि संकटमा पर्ने देखिन्छ ।' विमानस्थलको धावनमार्गदेखि १० मिटर नजिकै पश्चिमतर्फ पाटपटेनी खोलाले वर्षेनी कटान गर्दै आएको छ । विमानस्थलबाट आठ वटा खोलामा पानी मिसिने गरेको छ । विमानस्थल छेउ बनाइएको पाँच सय मिटर लामो नालीबाट पानी खोलामा मिसिँदा वर्षातमा कटान बढेको छ । विमानस्थल तल बस्तीमा माथिबाट बगेर आउने पानी र पहिरोले वर्षेनी पिरोल्ने गरेको छ । रारा विमानस्थल ताल्चा मुनिका छायाँनाथ रारा नगरपालिका वडा नं ४ का दर्जनौं बस्ती पहिरोको उच्च जोखिम परेका छन् । वि.सं.२०७२ सालमा रारा विमानस्थलको पाँच सय ७० मिटर लम्बाइ र २० मिटर चौडाइ धावन मार्ग कालोपत्रे गरिएको थियो । प्रकृतिको अनुपम सौन्दर्यका रूपमा विख्यात रारा ताल पूर्वतर्फको कमजोर भू-भाग र बर्सेनि बढ्दो भू-क्षयीकरणका कारण जोखिममा परेको छ । तालको पूर्वी भागको ताल्चा विमानस्थलतर्फका भागमा बर्सेनि बढ्दै गएको भू-क्षयीकरणले गर्दा मुगुको पर्यटकीय आकर्षणको केन्द्र नै जोखिममा छ । पूर्वी भागको करिब पाँच सय मिटर क्षेत्रको माटो कमजोर भएको, अत्यधिक रुख कटान भएको र संरक्षणका लागि कुनै पहल नभएकाले पनि जोखिम बढेको वडाध्यक्ष भामले बताए ।

# जुम्लाको छैटौं स्थानीय तहको रूपमा तातोपानी साक्षर घोषणा

■ नमस्ते समचारदाता
जुम्ला, असोज/१४




जुम्ला जिल्लाको तातोपानी गाउँपालिका साक्षर घोषणा भएको छ । सोमबार एक औपचारिक समारोहका बीच गाउँपालिकालाई साक्षर घोषणा गरिएको हो । एक समारोहका बीच गाउँपालिकाका ९५.७७ प्रतिशत नागरिक साक्षर रहेको घोषणा गरे । उनका अनुसार साक्षर नेपाल, कणर्णाली र जुम्ला घोषणा गर्ने अभियान अन्तगर्गत तातोपानीलाई साक्षर घोषणा गरिएको हो । प्रमुख प्रशासकीय अधिकृत तीर्थ बहादुर कठायतले गाउँपालिकाको समग्र शैक्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । उनका अनुसार राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको कुल जनसंख्या १५ हजार ५ सय ७५ जना रहेको छ । घरधुरी संख्या साक्षरता सर्वेक्षण २०८१ अनुसार ३ हजार ५ सय ३० जना रहेका छन् । गाउँपालिकाको साक्षरता सर्वेक्षण २०८१ अनुसार १५ देखि ६० वर्ष सम्मको जम्मा साक्षर जनसंख्या ११ हजार ३ सय ३३ जना रहेका छन् । गाउँपालिकामा ५०९ जना निरक्षर छन् । गाउँपालिकाको वडा नम्बर १ मा ९५.७५, वडा नम्बर २ मा ९६.८९ र वडा नम्बर ३ मा ९४.७४ प्रतिशत साक्षर छन् । वडा नम्बर ४ मा ९३.६९, वडा नम्बर ५ मा ९८.७४, वडा नम्बर ६ मा ९५.५९ , वडा नम्बर ७ मा ९३.२७ र वडा नम्बर ९५.०५ प्रतिशत नागरिक साक्षर छन् । तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईले साक्षर गाउँपालिका घोषणाको प्रतिवद्दता पत्र सार्वजानिक गरे । सबै प्रक्रिया पूरा गरि जिल्लाको छैटौ पालिकाका रुपमा तातोपानी साक्षर पालिका घोषणा भएको अध्यक्ष चौलागाँईको भनाई छ ।

# बझाङमा माओवादी केन्द्र समानान्तर कमिटी घोषणा

■ नमस्ते समचारदाता
बझाङ, असोज/१४



नेकपा (माओवादी केन्द्र) सुदूर पश्चिममा विद्रोह सुरु भएको छ । पार्टी विधि विधानविपरीत चलेको भन्दै बझाङमा माओवादी भित्र विद्रोह भएको छ । पार्टीको नीतिविपरीत नेतृत्व चयन गरिएको भन्दै बझाङमा माओवादी केन्द्र नै दुई कित्तामा विभाजन हुन पुगेको छ । मूल नेतृत्वबाटै गैरजिम्मेवारी काम हुन थालेपछि यसको विरोधस्वरुप समानान्तर कमिटी नै गठन गरिएको छ । नन्दलाल धामीको संयोजक र अम्मरराज भण्डारी सचिव रहने गरी समानान्तर कमिटी गठन गरिएको हो । 'एक पदमा एक जना मात्र रहने पार्टी निर्णय हो तर बझाङमा यसविपरीत काम हुन थालेपछि विरोधमा उत्रिएका हौँ,' सोमबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा समान्तर कमिटीका संयोजक नन्दलाल धामीले भने। जनप्रतिनिधिलाई जनप्रतिनिधिकै रुपमा रहने दिने, उनीहरुलाई सरकारी काममै सहयोग गर्ने र पार्टीको कुनै जिम्मेवारीमा नराख्ने निर्णय थियो । तर, पार्टीको नीतिविपरीत काम हुन थालेपछि विद्रोह गर्नुपरेको समान्तर कमिटी सचिव अम्मरराज भण्डारीले बताए। प्रदेश कमिटीले जयपृथ्वी नगरपालिकाका उपमेयरसमेत रहेका रतनबहादुर सिंहलाई बझाङ जिल्ला संयोजक तोकेपछि विद्रोह सुरु भएको हो । नीति लत्याउने, एकल र दादागिरी शैलीमा अघि बढ्ने, चरम व्यक्तिवादी निर्णय गर्ने पार्टीका प्रदेश कमिटी सचिव जनक बुढालगायत व्यक्तिले जसरी गर्न खोजेका छन् त्यसको विरुद्ध समान्तर कमिटी गठन गरेर संघर्ष गर्नुपरेको उनीहरुको भनाइ छ ।

## लोकतान्त्रिक...

उनले थप प्रष्ट पारे, ' मैले मात्र जितेर हुँदैन । हाम्रो समूहका सबै साथिहरुले यो निर्वाचनमा जित्नु पर्दछ । म लगायत हाम्रो समूहका सबै साथीहरुले जितेमा कोहलपुर उद्योग वाणिज्य संघलाई साच्चिकै व्यवसायीहरुले आफ्ना संघ हो भन्ने अपनत्वको अनुभती हुने गरी संघलाई चलाउन सक्ने दावी समेत गरे । भट्टराईको नेतृत्वको समूहमा वरिष्ठ उपाध्यक्षमा चण्डी प्रसाद गैरे, उपाध्यक्ष(उद्योग) मा हरिशरण के.सी, उपाध्यक्ष वस्तुगतमा राकेश विष्ट, महासचिवमा दिपक बहादुर भण्डारी, उप-महासचिवमा राज कुमार पौडेल, कोषाध्यक्षमा भुमीराज कंडेल, सह-कोषाध्यक्षमा देविलाल सुनार, महिला सदस्यहरुमा शितल योगी अधिकारी र ममता थापा, खुला सदस्यहरुमा अमित पौडेल, किरण प्रसाद श्रेष्ठ, श्रीधर घिमिरे, किरण वि.क, गौरव श्रेष्ठ, नोखराज रावत, भुप बहादुर भण्डारी र एसोसिएट सदस्य वरिष्ठ उपाध्यक्षका उम्मेद्वार चण्डी प्रसाद गैरेले जानकारी गराएका छन् ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी



यतिमात्र होईन... साथमा बम्पर उपहार



रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, नयाँरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके